केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ३ | मितिः २०७५।०४।०१

## भाग-१

## केदारस्यूँ गाउँपालिका

केदारस्युँ गाउँपालिकाको दोस्रो गाउँसभाबाट मिति २०७५/३/२८ मा स्वीकृत भएको केदारस्युँ गाउँपालिकाको केदारस्युँ गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बामोजिम प्रकाशन गरिएको छ ।

# केदारस्युँ गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

गाउँसभाबाट पारित मिति : २०७५।०३।२८

प्रस्तावना:नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम केदारस्युँ गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नाम केदारस्युँ गाउँपालिकको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन केदारस्युँ गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले केदारस्युँ गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले केदारस्युँ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले केदारस्युँ गाउँपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले केदारस्युँ नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त केदारस्युँ गाउँकार्यपालिका आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही केदारस्युँ गाउँपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले,
प्रबीण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत